# तुर्माखाँद गाउँपालिका
Turmakhand Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
तुर्माखाँद, अछाम
Turmakhand, Achham
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal
२०७३

CM: 9851424001
V- CM: 9851424002
CAO: 9851424003
ITO: 9851424004

प.सं.: ०८२/०८३
च.नं.: 2346

मिती:२०८३।०२।२५
ने.सं.११४६ अनालागा अष्टमी

**तुर्माखाँद गाउँपालिका ३नं वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि आवश्यक जग्गा निःशुल्क रुपमा प्राप्तिका लागि सूचाना।**

(प्रथम पटक प्रकाशित मिती:२०८३।०२।२५)

यस तुर्माखाँद गाउँपालिका अन्तरगत ३ नं वडा कार्यालय प्रशासनिक भवन निर्माण गर्नका लागि निःशुल्क जग्गादान गर्न इच्छुक व्यक्ति, वा संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक जग्गादानको लागि स्वइच्छाले आवश्यक कागजातहरु सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरू:**

१.आवश्यक जग्गादानको लागि कार्यालय समय भित्र सम्बन्धित जग्गाधनी वा अधिकार प्राप्त प्रतिनिधिले जग्गाधनि प्रमाणपत्रको प्रतिलिपीमा स्वयम् जग्गाधनीले प्रमाणित गरेको प्रतिलिपि थान-१,आर्थिक वर्ष २०८२/०८३ सम्मको मालपोत कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि सहित यो सूचना प्रकाशित गरिएको मितीले ७ (सात) दिन भित्र गाउँपालिकाको कार्यालय वा ३ नं वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

२.जग्गादान गर्नका लागि तपसिल बमोजिमका व्यवस्थाहरु समेत पुरा भएको हुनुपर्नेछ ।

.जग्गादान गर्ने जग्गाको क्षेत्रफल कम्तिमा ३ रोपनी हुनुपर्नेछ ।

.स्थानिय पूर्वाधराको उपलब्धता भएको वा कम भन्दा कम खर्चमा उपलब्ध हुन सक्ने ।

.३ नं वडा कार्यालयले प्रदान गर्ने सेवा सुविधामा कम्तिमा ६० प्रतिशत जनताको सहज पहँच हुने गरी अधिकतम पायक पर्ने स्थान हुनपर्ने ।

.प्राकृतिक विपद्को जोखिम कम भएको र कम भिरालो जग्गा ।

.सुरक्षाका दृष्टिले उपर्युक्त,सुरक्षित तथा रणनैतिक रुपमा महत्वपूर्ण स्थान।

३.अन्य कुनै व्यक्ति/संघ/संस्थालाई हक हस्तान्तरण नगरेको र निवेदनको स्वामित्व कायम भएको हुनुपर्नेछ।

४.कुनै प्रकारको विबादयुक्त जग्गा स्वीकार्य हुनेछैन।

५.कुनै बैंक तथा वितिय संस्थालाई धितो जमानी नदिएको र कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ ।

६.संगोलको जग्गा भए सरोकारवालाहरुको मन्जुरिनामा संग्लन राख्नु पर्नेछ ।

७.जग्गा निःशुल्क उपलब्ध गराए वापतमा गाउँपालिका सँग अतिरिक्त शर्त राख्न पाइनेछैन ।

८.यस सूचनामा उल्लेखित भए बाहेकका बिषयहरुमा जग्गा प्राप्ति ऐन र सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।

९.दानपत्र सम्बन्धी थप जानकारीको लागि तुर्माखाँद गाउँपालिकाको कार्यालय र ३ नं वडा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

२०८३/०२/२५
देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत